*"नगरको समृद्धि : कृषि सडक पूर्वाधार,*
*स्वास्थ्यमा प्राथमिकता शिक्षा र रोजगार"*

**त्रिवेणी नगरपालिकाको ११औं नगरसभा समक्ष**
**नगर प्रमुख**
**श्री कर्ण वहादुर थापाद्धारा प्रस्तुत**
**आर्थिक बर्ष २०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम**

**सम्मानित सभाका सदस्यज्यूहरु,**
**सभाका सचिवज्यू,**
**नगरपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरु,**
**पत्रकार मित्रहरु,**
**सुरक्षाकर्मी मित्रहरु,**
**आदरणीय त्रिवेणीवासी आमा बुवा, दिदी वहिनी तथा दाजुभाईहरु,**

श्री वडीमालिका माताको पावन भूमी सुदुरपश्चिम प्रदेशको उच्च पर्यटकीय सम्भावना वोकेको देशकै उदयमान नगर यस त्रिवेणी नगरपालिकाको ११ औं नगरसभा अधिवेशनको पहिलो वैठकमा उपस्थित सम्पूर्णलाई हार्दिकताका साथ स्वागत ज्ञापन गर्न चाहन्छु।

त्रिवेणी नगरपालिकाको ऐतिहासिक ११ औं नगर अधिवेशनसम्म आईपुग्दा विगतका नगरसभाहरुद्धारा पारित नीति कार्यक्रम योजना तथा वजेटलाई कार्यान्वयन गरेर नगर समृद्धिको जन आकांक्षा पुरा गर्नका निमित्त जनादेश प्राप्त गरेको स्वर्णीम ऐतिहासिक दिन देखी आज सम्मानीत ११ औं नगरसभा अधिवेशनमा उपस्थित भएको यो गर्विलो घडीसम्म विकास र सकारात्मक परिवर्तनको गतिलाई अतुलनीय योगदान पुर्याउनु हुने पूर्व नगरसभाका सवै नगर सदस्य ज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु। यस अवसरमा विभिन्न काल खण्डमा राष्टिय स्वाधिनता स्वाभिमान को लडाई राजनीतिक सामाजिक एवं आर्थिक परिवर्तनको लडाई तथा समानता र सामाजिक न्यायको लडाईमा आफ्नो अमूल्य जीवनको वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रदाञ्जली र जन आन्दोलनका घाईतेहरु अपाङ्ग वेपत्ता नागरिकहरुप्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु साथै आफ्नो दक्षता र योग्यता अनुरुप देशको सामाजिक, साँस्कृतिक राजनीतिक एवं आर्थिक रुपान्तरणको कार्यभार पुरागरी देशलाई समृद्धिको वाटोमा डोर्याउन नेतृत्वदायि भुमीका खेल्नुहुने सम्पूर्ण नेतागण नागरिक समाज, संचार जगत, र सम्पूर्ण नगरवासी जनसमुदायहरुलाई उच्च सम्मानका साथ प्रसंशा गर्दै वधाई तथा धन्यवाद ज्ञापन गर्दछु।

यसका साथै त्रिवेणी नगरपालिकालाई नमूना नगरपालिका वनाउन प्राप्त जनादेशलाई शिरोधार्य गर्दै आफ्नो राजनैतिक जीवनको यात्रामा जनहित र नगर समृद्धिको निम्ति अहोरात्र खटीरहने मेरो अठोट कदमलाई विकासका पाईलाहरुलाई जनतासामू पुर्याईदिनुहुने र रचनात्मक सुझाव मार्फत हौसला प्रदान गर्नुहुने संचार कर्मी मित्रहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। आफ्नो ज्यानको प्रवाह नगरी सुरक्षार्थ खटीने सुरक्षाकर्मी मित्रहरुमा विशेष धन्यवाद दिन चाहन्छु। स्थानीय तह निर्वाचन अन्तरगत यस त्रिवेणी नगरपालिकामा निर्वाचित भई पदभार सम्हालेको दिन देखी नगवासीले दिएको सौहार्दपूर्ण साथ अनि शौगातपूर्ण माया र ममतावाट प्रेरित भई नगरलाई एकीकृत दिगो विकासको वाटोमा अघि वढाई नगरको गौरवलाई उच्च राख्न आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम यस गरिमामय नगरसभा समक्ष प्रस्तुत गर्न पाँउदा एकदमै हर्षविभोर भएको छु।

स्थानीय तहको निर्वाचन पछि त्रिवेणी नगरपालिकाको ११ औं नगरसभा अधिवेशनमा नीति तथा कार्यक्रम पेश हुदैछ। नीति तथा कार्यक्रमलाई मूर्तरुप दिनको लागी त्रिवेणी नगरपालिकाको नीति योजना तथा कार्यक्रमहरु पहिचान गर्ने नीतिगत

निर्णय गर्ने, कानूनी प्रवन्ध गर्ने तथा कार्यान्वयनलाई प्रभावकारी रुपमा कार्यसम्पादन गर्न सहयोग गर्नुहुने सिंगो जनप्रतिनिधिको टीम, कर्मचारी संयन्त्र, स्थानीय राजनीतिक दल, वुद्धिजिवी, स्वयंसेवी, नागरिक समाज र आम संचारको भूमीका अझ महत्वपूर्ण नै छ। यि सवै पक्षलाई ध्यान दिई नेपालको संविधान स्थानीय सरकार संचालन ऐन, २०७४ विभिन्न बिषयगत कानूनहरु त्रिवेणी नगरपालिकाको २०७८/०७९ को नीति तथा कार्यक्रम, नेपाल सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारको नीति तथा कार्यक्रम, दिगो विकासको लक्ष्य र विभिन्न राजनीतिक दलका प्रतिनिधि संघ संस्था तथा संगठनका प्रतिनिधि लगायतका समाजसेवी वुद्धिजीवीहरुको सुझावहरुलाई समेत संकलन गरी आर्थिक बर्ष २०७९/०८० को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ। नगरवाट सम्पादन हुने कार्यहरु समन्वय, सहकार्य, साझेदारी, सम्प्रेषण र अनुगमनलाई मुख्य आधार वनाई कार्यान्वयन गर्नका लागी त्रिवेणी नगर सरकारले दुर दृष्टिका साथ अगाडी वढने लक्ष्य लिएको छ।

सन २०२० मा देखापरेको कोभिड १९ को महामारीले हाम्रो विकास र समृद्धिको यात्रालाई गम्भिर रुपमा प्रभावित पारेको छ। कोरोना भाईरसको महामारी मारमा थला परिरहेको विश्व अर्थतन्त्र रुस र युक्रेनको आपसी युद्धले हाम्रो मातृभूमी पनि नराम्रोसंग प्रभावित भएको छ। त्यस माथि विकासशिल राष्ट्रहरुको अत्यन्तै संकटकालिन अवस्थावाट गुज्रिरहेको आजको यो समयमा विकासको गतिलाई निरन्तरता दिनु र राष्ट्रिय अर्थतन्त्रलाई जिवन्त राख्नु एकदमै चुनौतीपूर्ण रहेको छ। विगतका गौरव गाथा मा मात्र रमाईरहने वानीको परित्याग गरी सुन्दर भविष्य निर्माणको निम्ति आफूमा भएको सिप दक्षता एवं योग्यताको भरपूर उपयोग गर्न सक्नु नै आजको आवश्यकता हो।

संघिय सरकार, प्रदेश सरकारको समन्वयकारी भूमीकाको सहयोग तथा साथमा यस नगर क्षेत्रभित्र स्वच्छ खानेपानी फोहरमैला व्यवस्थापन, कृषिमा आधुनिकीकरण, पर्यटकीय क्षेत्रको विकास, उर्जा आपूर्ति, सूचना प्रविधि, सिचाई,पूल, सडक स्तरोन्नती, विद्युत, शिक्षा, यातायात, नदि कटान व्यवस्थापन, सांस्कृतिक सम्पदाको संरक्षण लगायत महिला, दलित, अपाँङ्ग, वालविलका, जनजाती, जेष्ठ नागरिक, युवा लक्षित कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन गर्न र विकासका योजनाहरुलाई एकीकृत योजनाका साथ सम्वोधन गरी अगाडी वढने योजना वनाएको छु ।

**सम्मानीत सभाका सदस्यज्यूहरु,**

भनिन्छ **"Without planning the study is just like ship is sailing on sea without any aim and destination"** योजना विनाको अध्ययन विना उद्देश्य र गनतव्य समुन्द्रमा तैरिरहेको जहाज जस्तै हुन्छ।

अव म आर्थिक बर्ष २०७९/०८० को बार्षिक नीति कार्यक्रम तथा वजेट निर्माणका आधारहरु यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहन्छु।

**बार्षिक नीति कार्यक्रम तथा बजेट निर्माणका आधारहरुः**

(१) नेपालको संविधान २०७२ को अनुसूची ८ र ९ मा व्यवस्था भएका स्थानीय तहको एकल तथा साझ अधिकारहरु, मौलिक हकहरु, एवं राज्यको निर्देशक सिद्धान्त र नीतिहरु,
(२) संघिय सरकारले अंगिकार गरेका आर्थिक बित्तिय नितिहरु,
(३) नेपाल सरकारवाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य बित्तिय नीतिहरु,
(४) स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था
(५) प्रदेश सरकारवाट प्राप्त वजेट सिलिङ्ग
(६) नगर कार्यपालिकाको आयोजनामा स्थानीय राजनीतिक दल समाजसेवी, वुद्धिजीवि तथा संघ संस्थाका प्रतिनिधीहरुवाट आएका नीतिगत सुझावहरु
(७) टोल तथा वडाभेलावाट प्राथमीकीकरण गरी आएका योजनाहरु,
(८) बिषयगत समितिको बैठकवाट आएका महत्वपूर्ण नीतिगत बिषयहरु,

(९) राजश्व परामर्श समितिको वैठकका निर्णयहरु,

(१०) स्थानीय स्रोत साधन

(११) विकासका अन्तरसम्वन्धित बिषयहरु

**सभासदज्यूहरु,**

**अव म दीगो विकास लक्ष्य, नेपालको संविधानको परिकल्पना, नेपालले अन्तराष्ट्रीय जगतमा गरेको प्रतिवद्दता, पन्ध्रौ पञ्च वर्षीय योजना, प्रदेश योजना एवं नगरको आवधिक योजना विकास लक्ष्यलाई प्राप्त गर्न आर्थिक बर्ष २०७९/०८० को नीति तथा कार्यक्रम सभा समक्ष पेश गर्न चाहन्छु।**

**(१) स्वास्थ सम्वन्धि नीति**

कोभिड -१९ को महामारीका कारण विश्वका समृद्ध मुलुकले समेत यसको नियन्त्रणका लागी ठूलो चुनौतिको सामना गर्नु पर्यो। समृद्धशाली कहलिएका मुलुकहरुमा समेत स्वास्थ्य उपकरण अभाव सृजना भई थुप्रै मानिसहरुले अकालमा ज्यान गुमाउन पुगे यस विचमा हाम्रो मुकुकमा पनि औषधि तथा स्वास्थ्य उपचारको अभाव रह्यो नै तर सवै तहका सरकारको संयुक्त प्रयासवाट नियन्त्रणमा लिन सफल भएका छौ। कोभिड विरुद्धको खोप आयातमा सरकार तदारुपताका साथ लागेको छ तर सवै उमेर समूहका व्यक्तिहरुले पूर्ण खोप पाईसकेका छैन र कोभिड १९ पूर्ण रुपमा नियन्त्रण भईनसकेको अवस्थमा अझै स्वास्थ्य मापदण्ड, सचेतना र पूर्वतयारी योजनाहरुका साथ रहनुपर्ने अवस्था छ। यस्तो अवस्थालाई मध्यनगरी पूर्वतयारी तथा स्वास्थ्य क्षेत्रका लागी निम्न योजना तथा कार्यक्रमहरु प्रस्तुत गरिएको छ।

- आधारभूत स्वास्थ्यको जिम्मेवारी प्रविधिमैत्री वनाई सृजनात्मक ढंगले लागू गरिनेछ।
- वडास्तरमा संचालन भएका स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र र आधारभूत स्वास्थ्य केन्द्रमा भएको विद्यमान अपर्याप्त भौतिक संरचनालाई योजनावद्धरुपमा निर्माण कार्यको थालनी गरिनेछ।
- स्वास्थ्य क्षेत्रमा खटीने स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको मनोवल बृद्धिका लागी नगरपालिकाले आवश्यक व्यवस्थापन गर्नेछ।
- गर्भवती, सुत्केरी तथा किशोरीहरुको स्वास्थ्य अवस्थालाई ध्यान दिई वहुक्षेत्रिय पोषण कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन सहित पुन:संरचना गरिनेछ।
- १५ शैया स्थानीय अस्पतालको मुद्दा हाल सर्वोच्चमा विचाराधिन रहेकोले मुद्दाको किनारा लागिसकेपश्चात अस्पताल निर्माणको कार्य तत्काल प्रारम्भ गरिनेछ।
- कोभिड अस्पतालको स्तरोन्नति गरी भिडीयो x-Ray, Lab सेवा लाई वढाउदै चिकित्सकीय सेवा प्रवाह गरिनेछ।
- वयालपाटा, गेटा आँखा अस्पताल, सेती प्रादेशिक अस्पतालको सहकार्य, समन्वयमा आँखा,दाँत, मुटुरोग, पथ्थरी, पाठेघर आङखस्ने र अन्य रोगको विरामीका लागी नि:शुल्क स्वास्थ्य शिविर संचालन गरिनेछ।
- विशेषज्ञ डाक्टर सहित को नि:शुल्क स्वास्थ्य शिविरका लागी जिल्ला स्वास्थ्य कार्यालय, सामाजिक विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालयमा प्रस्ताव पेश गरी समन्वय गरिनेछ।
- सवै स्वास्थ्य संस्थाहरुमा औषधि व्यवस्थापनलाई विशेष ध्यान दिई निरन्तरता दिईनेछ।
- ७० बर्ष पुरा भएका जेष्ठ नागरिकहरुलाई निशुल्क स्वास्थ्य चेकजाँचको व्यवस्था मिलाईनेछ।
- स्वास्थ्य संस्थामा रहेका बर्थिङ्ग सेन्टरहरुको स्तरवृद्धि गरी प्रसुति सेवालाई सर्वसुलभ वनाईने नीति लिईनेछ।

- **"स्वास्थ्यमा सरोकार, नागरिकको अधिकार"** नारा सहित जेष्ठ नागरिक, दिर्घरोगी, आर्थिक विपन्नतामा परेका गर्भवती तथा सुत्केरी आमा, वालवालिकाहरुको स्वास्थ्यमा ध्यान दिई उपचार सहायताको व्यवस्था मिलाईनेछ।
- पूर्ण अपाँगता,आंशिक अपाँङ्गता, आर्थिक विपन्नता, एकल महिला, आमा, बाबु गुमाएका वालवालिकाहरुलाई स्वास्थ्य उपचारका लागी औषधि खर्चको व्यवस्थापन गरिनेछ।
- स्वास्थ्य संस्थालाई आवश्यक पर्ने जनशक्ति र प्रविधि/उपकरणको उचित प्रवन्ध गरिनेछ।
- वडास्तरमा स्वास्थ्य जनशक्ति थप गरी ल्याव सेवा सुचारु गर्ने।
- स्वास्थ्यकर्मीलाई आवश्यक क्षमता विकास तालिमको व्यवस्था गरिनेछ।
- टोल टोलमा स्टेचर र नगरस्तरिय एम्वुलेन्स सेवा संचालन गरिनेछ।
- खोप सम्वन्धि अभियानहरुलाई प्रभावकारीरुपमा संचालन गरिनेछ।
- महामारी, सरुवा रोग नियन्त्रणका लागी छतारा स्वास्थ्य चौकी, तोली देवलडाँडा स्वास्थ्य चौकी र कैलाशमाण्डौ स्वास्थ्य चौकीमा घुम्ती स्वास्थ्य शिविर संचालन गरिन्छ।
- नगरपालिकामा फार्मेसी सेवाको शुरुवातका लागी पहल गरिनेछ।
- नगरपालिकाको सवै स्वास्थ्य संस्थाहरुमा २४ घण्टे स्वास्थ्य सेवा संचालन गरिने छ साथै सार्वजनीक विदाको दिनमा समेत सेवा सूचारु गर्ने नीति लिईएको छ।
- नगरभित्र नागरिक आरोग्य सेवाकेन्द्र शाखा विस्तार गरि सेवा प्रवाह गर्ने नीति लिईएकोछ।
- ..............................................................................................................................

**(२) शिक्षा सम्वन्धि नीति**

- विद्यालयका भौतिक संरचनाहरुको विद्यमान अवस्थालाई अध्यन गरी मापदण्ड अनुसारका भवनहरुको निर्माण कार्य थालनी गरिनेछ।
- विद्यालयको वातावरण पूर्ण रुपमा स्वच्छ, सफा र स्वस्थ नभएसम्म गुणस्तरिय शिक्षाको परिकल्पना गर्न सकिदैन यसर्थ, सवै विद्यालयमा हाल संचालनमा रहेको खानेपानीको गुणस्तर जाँच गरिनेछ। बालमैत्री धारा र छात्र छात्राहरुलाई अनुकूलता हुने शौचालय निर्माण गरिनेछ।
- वालवालिकाको पठन पाठनलाई प्रभावकारी वनाउन प्रयोगशाला, शैक्षिक सामग्री व्यवस्थापनमा जोड दिईनेछ।
- हाल पर्याप्त शैक्षिक सामग्रीहरुको विद्यालयहरुमा सामग्री प्रयोग गर्नका लागी शिक्षकहरुलाई सिप तथा क्षमता विकास तालिमको आयोजना गरिनेछ भने सामग्रीहरु अपर्याप्त भएका विद्यालयहरुका लागी व्यवस्थापन सहित तालिम संचालन गरिनेछ।
- विद्यालयको बार्षिक कार्य योजना, शैक्षिक क्यालेन्डर, र शैक्षिक क्रियाकलाप, शिक्षक दरबन्दी र विद्यार्थि संख्याका आधारमा दरवन्दि मिलान र जनशक्ति व्यवस्थापन गरिने नीति लिईनेछ।
- **"सवैका लागि शिक्षा सधैंका लागि शिक्षा"** भन्ने नारालाई मूर्तरुप दिन शैक्षिक कार्यक्रमहरु संचालनगरिनेछ।
- विद्यार्थिहरुको शैक्षिक वातावरण वुझी योजना निर्माण गर्दा सिकाई प्रभावारी हुनुका साथै शैक्षिक क्षेत्रका अभावलाई नजिकवाट सम्वोधन गर्न सकिने भएकाले आगामी आ.ब. वाट नगरपालिकाका सवै विद्यालयहरुमा **"विद्यार्थिसंग मेयर भेटघाट"** कार्यक्रम संचालन गरिने नीति लिईएको छ।
- विद्यालयमा हुने दिवस, उत्सव, शिक्षक अविभावक भेला, शुक्रवारिय कार्यक्रम तथा अन्य शैक्षिक गतिविधिहरुको मूल्यांकलन गरी अतिरक्त कार्यक्रमहरु संचालन गर्ने नीति लिईएको छ।

- विद्यार्थि अनुपातमा शिक्षक दरवन्दी व्यवस्थापन गर्दा विद्यालयहरुको दरबन्दि मिलानमा पुन:विचार गरिनेछ ।
- स्थानीय सरकारको कार्य जिम्मेवारीमा रहेको माध्यामीक तहसम्मको शिक्षालाई गुणस्तरिय जीवनोपयोगी र प्रविधिमैत्री वनाईनेछ।
- नगरका सवै सामुदायिक विद्यालयका शिक्षक तथा विद्यार्थिहरुमा सूचना प्रविधिको प्रयोग गरी ज्ञान, सीप र पहुँच अभिवृद्धि गरिनेछ।
- शिक्षा ऐन, र नियमावलीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गरिनेछ। सामुदायिक विद्यालयको गुणस्तरमा ध्यान दिईनेछ।
- SEE मा उत्कृष्ट अंक ल्याउने सामुदायिक विद्यालयका १/१ जना छात्र/छात्रा लाई प्रत्येक बर्ष उत्कृष्ट मेयर छात्रबृत्ति पुरस्कर सहित सम्मान गरिनेछ।
- प्लस टु पास गरी उच्च शिक्षा अध्यायन गरिरहेका चिकित्सा विज्ञान, वन विज्ञान, ईन्जिनियर, लगायतका प्राविधिक विधामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थिहरुलाई प्रोत्साहन स्वरुप उचित छात्रवृत्ति प्रदान गर्ने नीति लिईएकोछ।
- नगर शिक्षक व्यवस्थापनका लागी विशेष पहल गरिनेछ।
- वाल विकास केन्द्रलाई व्यवस्थित गरिनेछ। पुस्तकालय तथा सामुदायिक अध्ययन केन्द्रको क्षमता बृद्धि, प्रविधिमैत्री शिक्षण प्रक्रिया संचालनमा सहयोग गरिनेछ।
- नगरमा नमूना सामुदायिक विद्यालय निर्माण गर्नका लागी विद्यालय समायोजन, छात्रवास, पुस्तकालय, भवन, खेलमैदान, शिक्षक दरवन्दी व्यवस्थापन जस्ता कार्यक्रमहरु संचालन गरिनेछ।
- नगर शिक्षा विकास गुरुयोजना निर्माण गरी लागू गरिनेछ।
- प्राविधिक शिक्षालय स्थापनाका लागी सम्वन्धित निकायमा विशेष पहल गरिनेछ।र स्थापीत प्राविधिक विद्यालयलाई व्यवस्थापनमा सहयोग गरिने नीति लिएको छ।
- वाजुरा जिल्लामा संचालित क्याम्पसहरुको स्तरोन्तीका लागी विशेष सहयोग गरिने नीति लिईएको छ।
- विद्यालयमा योग, ध्यान र साधना कार्यक्रम संचालन गरी जीवन उपयोगी सिप सिकाई असल विद्यार्थी निर्माण गर्न कार्यक्रम संचालन गरिनेछ।शैक्षिक बर्ष समाप्त हुनासाथ नगरको शैक्षिक योजना निर्माण गरी शैक्षिक क्यालेण्डर प्रकाशीत गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- बार्षिक रुपमा माध्यामीक तहमा मेयर कप रनिङ शिल्ड तथा राष्ट्रपति रनिङ शिल्ड छनौट प्रतियोगिता, आधारभूत तहमा उपमेयर रनिङ कप तथा उपराष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता प्रभावकारी रुपमा संचालन गरिनेछ।
- विद्यालयको समग्र पक्षको मूल्यांकन गर्न मासिक समिक्षा, सुधार योजनालाई नियमीत गराई नगरमा नियमीत रिपोटीङ्गको व्यवस्था मिलाईनेछ।
- कक्षा १-८ र १-१२ संचालन भएका विद्यालयमा अनिवार्य रुपमा नेपाल स्काउट, जुनियर रेडक्रस सर्कल, युवा रेडक्रस सर्कल गठन गरी कार्यक्रम संचालन गरिनेछ।
- वाल विकास केन्द्रको छुट्टै भवन निर्माण गरी प्रभावकारी प्रभावकारी शिक्षण सिकाईका लागी कार्यक्रमहरु संचालन गरिनेछ।
- विद्यालयको सरसफाईमा विशेष जोड दिई वाल मैत्री शैक्षिक वातावरण तयार गरिनेछ।
- शैक्षिक गुणस्तर वृद्धि गर्न जनशक्ति व्यवस्थापन, तालिम तथा प्रोत्साहनका कार्यक्रमहरु संचालन गरिनेछ।

- विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तरगत बर्षको २ पटक विद्यार्थिहरुको शारिरीक चेक जाँच, जुकाको औषधि साथै किशोरीहरुलाई फोलिक एसिड चक्की खुआउने कार्यलाई निरन्तरता दिईनेछ।
- विद्यालय व्यवस्थापनमा सरोकारवालाहरुलाई अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ। साथै महिनावारी स्वच्छता व्यवस्था सम्वन्धि तालिमको व्यवस्था गरिनेछ।
- विद्यालयमा दिवा खाजाको व्यवस्था गरिनेछ।
- प्रत्येक बर्षको जेठ १ गतेदेखी ७ गतेसम्म विद्यालय स्तरिय,वडास्तरिय र पालिका स्तरिय पोषण सप्ताहलाई निरन्तरता दिईनेछ।
- विद्यालय सरसफाई कार्यक्रमलाई निरन्तरता दिईनेछ। साथै प्रत्येक विद्यालयहरुलाई तीन तारे पद्धतीमा लैजानका लागी व्यवस्थापन गरिनेछ।
- अपाङ्ग, टुहुरा, आर्थिक विपन्नताका कारण नियमीत विद्यालय जान नसक्ने वालवालिकाहरुलाई आवश्यक सहयोग साथै सकारात्मक मनोपरामर्शको व्यवस्थापन गरिन्छ।
- नगर भित्रका सामुदायिक विद्यालयहरुलाई गाभेर (मर्ज) शैक्षिक गुणस्तर कायम गर्ने नीति लिईएकोछ।

**(३) पूर्वाधार सम्वन्धि नीति**

- नगर गौरवका योजनाहरुलाई मध्यनगर गरी ठूला पूर्वाधारहरुको विकासमा पहल गरिनेछ।डिपिआर तयारी भएका आयोजनाहरुलाई कार्यान्वयनका लागी संघ र प्रदेश सरकार तथा अन्य दातृ नियकाहरु संगको साझेदारीमा कार्यान्वयन गरिनेछ भने बाकी महत्वपूर्ण आयोजनाहरुको डिपीआर तयारीको कार्य थालनी गरिनेछ।
- त्रिवेणी नगरपालिका जोडने मौरे वुढी गंगा मोटरेवल पुल ठेक्का प्रक्रियामा गईसक्दा पनि कार्यान्वयन हुन नसकेकोले तत्काल कार्यान्वयन गराउन सम्वन्धित मन्त्रालय र तालुक निकायमा जोडदार पहल गरिनेछ।
- बल्दे वुढीगंगा नदी मोटरेवल पुल को कार्य तिव्र रुपमा अगाडी वढाउन सम्वन्धित मन्त्रालयमा पहल गरिनेछ।
- वाजुराको त्रिवेणी र अछाम जिल्लाको मेल्लेख गाँउपालिका विचमा पर्ने काँसेगाडमा मोटरेवल पुलका लागी संघ तथा प्रदेश सरकारमा पहल गरिनेछ।
- नगरपालिकाको प्रशासकीय भवनको कार्य तिव्ररुपमा अगडी वढाई आगामी आ.ब. भित्र ठेक्का सम्झौता वमोजिम काम सम्पन्न हुने गरी अगाडी वढाईनेछ।
- पटक – पटकको वाढीले विगतमा गरेको कामले सार्थकता पाउन नसकेको कुरा सवैमा जग जाहेर छ तसर्थ, मौरे – मालागाड मोटरेवल पुलका लागी पुन: DPR सहित कार्य अगाडी वढाउन पहल गरिने छ।
- वडाको केन्द्रसम्म पुग्ने सवै वडाका सडकहरुको स्तरोन्तीका लागी संघ, प्रदेश र नगरको आफ्नै लगानीमा कार्यान्वयन तिव्र पारिने नीति लिईएको छ।
- मालपोत कार्यालयवाट लालपुर्जा प्राप्त गरी जग्गा प्राप्त गरेका वडाहरुको वडा कार्यालय भवन व्यवस्थापन गरिनेछ।
- वडावाट सिफारिस सहित प्राथमीकतामा परेका सिचाई आयोजनाहरुलाई संघ, प्रदेश तथा नगरको आफ्नै लगानीमा निरर्माण प्रकृया अगाडी वढाउदै लग्ने नीति लिईएको छ।
- त्रिवेणी नगरपालिकाको सडक संजालले नजोडेको एकमात्र वडा किम्नीमा आगामी आ.ब.०७९/८० भित्र सडक पुर्याईनेछ।
- त्रिवेणी नगरपालिकाको रिङ्गरोडको अवधारणालाई सार्थकता दिन कार्यान्वयनका लागी लगानीमा पहल गरिनेछ।

- बस्तीहुदै वडावाट सिफारिस भई आएका सवै आयोजना/ योजनाहरुलाई कार्यान्वयन सम्भाव्यताका आधारमा नगर, प्रदेश र संघ सरकारमा प्रस्ताव गरिने नीति लिईएको छ।
- मौरे जिरोप्वाईन्ट- तोली – छतारा लवाढुङग्रा, मौरे जिरोप्वाईन्ट- मलालगाँउ- ताम्सु – पैमा, मलालगाँउ- बाँगापाटा- पैमा, मौरे जिरोप्वाईन्ट- कैलाशमाण्डु धलपुरी, कैलाशमाण्डौ- पन्धारा, गाग्रा जिरोप्वाईन्ट- धलपुरी मा वि – विरा, र कराला नाउला – ठाना सडकको स्तरोन्ती गरी कालोपत्रेकालागी विशेष पहल गरिनेछ।
- कैलाशमाडौ – कुलीबाँध – पैमा, तुसारपानी- रत्न सडक ट्र्याक खोलीनेछ।र छतारा मन्दिर - पञ्चपुरी – वडीमालिका धार्मीक पर्यटकीय सडकको निर्माणका लागी संघ तथा प्रदेश सरकारमा विशेष पहल गरिनेछ।
- वडिमालिका- भण्डारगृह- खिन्ने – किम्नी – छतारा पर्यटन सडकको अवधारणा ल्याई कार्यान्वयनमा जोड दिईनेछ।
- त्रिवेणी रिङ्गरोडको अवधारणा ल्याई कार्यान्वयनका लागी पहल गरिनेछ।
- सडक संजालले नजोडेका टोल तथा वस्तिहरुमा क्रमश: विस्तार गर्दै लगिने नीति लिईएको छ।
- फल्नेतोला मालागाडखोला झो पु का लागी सम्वन्धित निकायमा आवश्यक पहल गरिनेछ।
- वस्तिस्तरमा रहेका घोडेटा वाटाहरुको मर्मत गरिनेछ।
- सार्वजनीक सभा समारोह संचालन गर्नका लागी भौतीक पूर्वाधारको निर्माण गर्ने नीति लिईएकोछ।
- हाल नगरमा अधुरा रहेका सवै योजनाहरुलाई पुरा गर्ने नीति लिईएकोछ।

**(४) कृषि, पशुपालन, खाद्य सुरक्षा र पोषण सम्वन्धि नीति**

- कृषिमा व्यवसायिकीकरण, यान्त्रीकरण र वजारीकरणका माध्यामवाट प्रवर्द्धन र विकास गरिदै लगिनेछ।
- किसानलाई समयमै मल, विउ तथा प्रविधिको व्यवस्थापन गर्न जनशक्ति तथा लगानीको उचित प्रवन्ध गरिनेछ।
- हावापानी र माटोको अवस्थालाई अध्ययन गरी किसानहरुलाई अधिकतम् उत्पादन गर्न सकिने वाली को पकेट क्षेत्र छनौट गर्न लगाईनेछ। पकेट क्षेत्रका किसानहरुलाई विउ अनुदान र मलमा सहुलियतको व्यवस्थापन गरिने नीति लिईएको छ।
- तरकारी तथा फलफुलको विउ उत्पादन र बिक्री गरी कृषकहरुको थप आयआर्जन बृद्धि गरिने नीति लिईएकोछ।
- **"कृषकसंग उपप्रमुख"** कार्यक्रम संचालन गरिनेछ।
- **एक गाँउ एक उत्पादन कार्यक्रम अन्तरगत ९ वटा वडालाई बिषयक्षेत्रका प्राविधिकको राय वमोजिम विशेष उत्पादन पकेट क्षेत्रका रुपमा विकास गर्ने गरी कार्यक्रम लागू गरिनेछ।**
- व्यवसायिक तरकारी उत्पादनमा बृद्धि गर्न एक घर एक करेसावारी, एक विद्यालय एक करेसावारी कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ।
- जमिनको अवस्था हेरी भिरालो पाखाहरुमा कागती, ओखर, सुन्तला, किवी तथा माटो सुहाउदो जातका फलफुलका विरुवाहरु रोपण गर्न प्रोत्साहन गरिने छ। आवश्यक वोट र प्रविधि सहयोगलाई निरन्तरता दिईनेछ।
- आलु पकेट क्षेत्रका किसानहरुलाई भण्डारण व्यवस्थापन र विउ अनुदानको व्यवस्थापन गरिनेछ।
- मौसमी तथा वेमौसमी तरकारी खेती गर्ने कृषकहरुको लगत राखी बास्तविक व्यवसायिक कृषकहरुलाई विउ सहित प्रविधि सहयोग गरिनेछ।
- उत्पादित वस्तुको निर्यात प्रवर्दन गर्न प्रत्येक वडाहरुमा संकलन केन्द्रको व्यवस्थापन गरिनेछ। संकलन केन्द्रवाट विक्रीका लागी लैजाने कृषक समूह वा कृषी सहकारी संस्थाहरुलाई ढुवानीमा सहुलियत प्रदान गरिनेछ।

- रोग, किरा तथा महामारी नियन्त्रणका लागी घुम्ति शिविर सेवा संचालन गरिनेछ।
- नगरपालिकाको केन्द्रमा कृषी हाटवजार स्थापना गर्न पहल गरिनेछ।
- जडीवुटी खेतीको शुरुवात अध्ययन गरी सम्भाव्य जडीवुटीको नमूना नर्सरी स्थापना गरिनेछ।
- मासु तथा दुग्धजन्य उत्पादनमा वृद्धि गर्न व्यवसायिक रुपमा काम गर्ने बाख्रा, कुखुरा, र भैसिपालन कृषकहरुको लगत संकलन गरी उत्पादन सम्भाव्यताको पहिचान गरिनेछ।
- पशु विकास कार्यक्रमलाई प्रभावकारी रुपमा लागू गर्न व्यवसायिक रुपमा पालन संचालन गरेका बाख्रा, कुखुरा र भैसीपालन कृषकहरुको फर्मको लगानीमा सहुलित प्रदान गर्ने रणनीति लिईएको छ।
- **"पशुपंछिपालनको आधुनिकीकरण समाजको रुपान्तरण"** भन्ने मूल मन्त्रलाई आत्मसाथ गरी नगरका बासिन्दाको खाद्य सुरक्षा पोषण र आय आर्जनको भरपर्दो माध्यामको रुपमा पशुपालन पेशालाई विकास गरिनेछ।
- **"दुध पिउ मध्यपान घटाउ"** भन्ने नारालाई साकार पार्न नगरक्षेत्रमा दुध उत्पादन बृद्धि गरी दुध तथा दुग्धजन्य वस्तुको उपभोग बृद्धिगर्न तथा यसमा आत्मनिर्भरता हासिल गर्न दुधालु भैसी संरक्षण गाई तथा भैसीको नश्ल सुधार उन्नत दुधालु जर्सी गाईको आयात र दुधको वजारीकरणमा विषेश कार्यक्रम संचालन गरिनेछ।
- कृतिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिई प्रभावकारी कार्यान्यिनमा जोड दिईनेछ।
- एकल महिला तथा सिमान्तकृत वर्गको आय आर्जनको भरपर्दो माध्यामको रुपमा रहेको बाख्रापालन व्यवसायलाई सुदृढ गर्न बाख्रापालन पकेट तथा श्रोत केन्द्र अवधारणामा कार्यक्रम संचालन गरिनेछ।
- व्यवसायिक बाख्रापालक कृषकहरुलाई विउ अनुदानका रुपमा बोका, स्वास्थ्य परिक्षण सेवा र औषधि उपचार व्यवस्थापन गरिनेछ।
- घुम्ति पशुस्वास्थ्य शिविर नगरका सवै वडाहरुमा संचालन गरिनेछ साथै विशेषज्ञ पशुचिकित्सक द्धारा नगरका छतारा तोली र कैलाशमाण्डौमा शिविर संचालन गरिनेछ।
- चौपाया व्यवस्थापनको नीति लिईनेछ।
- व्यवसायिक योजना निर्माण गरी संचालन गर्ने कुखुरापालन व्यवसायिहरुको खोर व्यवस्थापनमा सहुलियत प्रदान गर्ने रणनीति लिईएको छ।
- कृषि तथा पशुपालन क्षेत्रमा सक्रियता पूर्वक संलग्न किसानहरुलाई व्यवसायिक तथा क्षमता विकास तालिमको व्यवस्थापन गरिनेछ।
- पालिका भित्रको समग्र खाद्य सुरक्षा तथा पोषणको अवस्थावारे तथ्यांक संकलन र विश्लेषण गरी कृषि शाखामा खाद्य सुरक्षा तथा खाद्य सुरक्षा सूचना प्रणालीको स्थापना गरिनेछ।
- पोषण तथा खाद्य सुरक्षा रणनीति योजना तयार गरी लागू गरिनेछ।
- नेपाल सरकारले अवलम्वन गरेको वहुक्षेत्रीय पोषण योजनाले ईगिंत गरेका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।
- हावापानी सुहाउदो कृषि पकेट क्षेत्रको पहिचान गरी **"एक टोल एक उत्पादन"** कार्यक्रम संचालन गर्ने नीति लिएको छ।
- खाद्य अधिकार तथा घटनाको दस्तावेजिकरण गरिनेछ।
- कृषकहरुको व्यवसायमा देखापरेको समस्याहरुलाई तत्काल समाधान गर्न हाल नगरपालिकामा रहेको कृषि तथा पशु शाखामा भएको जनशक्तिलाई परिचालन गरी **"किसानको वारीमा प्राविधिक भेटघाट"** अभियान संचालन गर्ने रणनीति लिईएको छ।

- लिफ्टिङ्ग सिचाईको समेत प्रवन्ध गरी सिंचित जग्गाको क्षेत्रफलमा वढोत्तरी गरिनेछ।
-

**(५) उद्योग, रोजगार तथा सहकारी सम्वन्धि नीति**

- स्थानीय उत्पादन, जनशक्ति तथा साधन स्रोतको नक्सांकन गरी नगरपालिका भित्र संचालन गर्न सकिने घरेलु तथा साना उद्योगहरुको स्थापना गर्न जोड दिईनेछ।
- युवाहरुलाई व्यवसायिक तथा सिपमूलक कार्यक्रम मार्फत कृषिजन्य साना उद्योगहरु संचालन गर्न लगानीको बातावरण सृजना गरिनेछ।
- नगरपालिका भित्रवाट प्रत्येक बर्ष श्रम वजारमा प्रवेश गर्ने युवाहरुको तथ्यांकलाई व्यवस्थित गर्न रोजगार सेवा केन्द्रलाई व्यवस्थापन गरिनेछ।
- सिपमूलक तथा आय आर्जन कार्यक्रम संचालन गरी आन्तरिक रोजगारी सृजना गर्न लगानीमा विशेष जोड दिईनेछ।
- मेयर रोजगार कार्यक्रमलाई उत्पादन र उपभोगसंग जोडी निरन्तरता दिईएको छ।
- नगरपालिका भित्र संचालन गरिने उद्यम विकास, रोजगारी तथा आयआर्जन क्षेत्रमा संचालन गरिने कार्यक्रमहरुलाई एकीकृत गर्दै प्राथमीकता र आर्थिक विपन्न नगारिकहरुलाई प्रत्यक्ष लाभ पुग्नेगरी प्रभावकारी रुपमा संचालन गर्ने नीति लिईएको छ।
- नगरभित्रका प्राविधिक शैक्षिक वेरोजगारहरुलाई उनीहरुको सीप र क्षमताको आधारमा प्रविधि सहयोग गरी व्यवसायमूलक स्व:रोजगारमा संलग्न गराईनेछ।
- रोजगार सेवा केन्द्रलाई श्रम सूचना वैकको रुमा विकास गर्दै लगिनेछ।
- **"गैर आवासीय नेपालीको सहभागीता – नगर विकासमा प्रतिवद्धता"** मूल नाराका साथ त्रिवेणीको आर्थिक विकासका लागी बाह्य लगानीको वातावरण तयार गरी लगानीकर्तालाई प्रोत्साहन गर्ने नीति लिईएकोछ।
- सहकारीहरुको कार्यक्षेत्र र संस्थागत क्षमता मूल्यांकन गरी सिप तथा क्षमता विकास कार्यक्रम संचालन गरिनेछ।
- सहकारीलाई उत्पादन, रोजगारी र वजारीकरणमा जोड दिईनेछ। संगठनात्मक व्यवस्थापन, रोजगारी तथा स्व:रोजगार क्षेत्रमा गरेको योगदान र सेवाको मूल्यांकन गरि आवश्यक सहयोग गरिने नीति लिईएकोछ।
- सहकारी शिक्षालाई प्रवर्द्धन, एक सहकारी एक उत्पादनको नीतिलाई अगाडी वढाउदै उत्पादनमा आधारित सहकारीलाई पुरस्कृत गर्ने नीति लिईएको छ।
- उद्देश्य अनुरुपका सहकारीलाई पुरस्कृत र सहकारी एकीकरण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ।
- समान उद्देश्य भएका सहकारी संस्थाहरुलाई मर्जगरी छरिएर रहेको बित्तिय श्रोत व्यवस्थापन गरिनेछ।

**(६) युवा तथा खेलकुद सम्वन्धि नीति**

- युवा जनशक्तिलाई समाज विकासमा गरिचालन गरी राष्ट्रिय लाभप्राप्त गर्न उद्यमशिल, सृजनशिल, र सकारात्मक सोचका साथ अगाडी वढाउने नीति र कार्यक्रम लागू गरिनेछ।
- युवा उद्यमीहरुलाई व्यवसाय संचालनमा प्रोत्साहन गर्ने नीति लिईएको छ।
- राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, मेयर कप, नगर तथा वडा स्तरिय खेलकूद प्रतियोगीताहरुलाई व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्दै लगिनेछ।

- खेलकुद मैदानको पूर्वाधारलाई आधुनिक एवं प्रविधि मैत्री वनाउन जोड दिईनेछ। प्रत्येक विद्यालयहरुमा खेलकुद शिक्षकको व्यवस्थापन गरिने नीति लिईएको छ।
- नगरस्तरमा आवश्यक खेल सामग्रीहरुको व्यवस्थापनमा जोडी दिईनेछ।
- खेलाडीहरुलाई सम्मान तथा प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- नगरस्तरमा नव प्रतिभावान खेलाडी पहिचान गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।
- खेलकुद सम्वन्धिको पञ्चबर्षीय योजना निर्माण गरि लागू गरिनेछ।

**(७) खानेपानी तथा सरसफाई सम्वन्धि नीति**

- आधारभूत खानेपानीको पहुँच नपुगेका घरमा शुद्ध खानेपानी उपलब्ध गराउन **"एक घर, एक धारा"** अभियानलाई निरन्तरता दिईनेछ।
- विगत लामो समयदेखी खानेपानी योजनाको माग भई DPR समेत तयार भएर संचालन गर्न नसकिएका वृहत खानेपानी योजनाहरुलाई संघ, प्रदेश र नगरको सह लगानीमा निर्माण कार्यको थालनी गर्न पहल गर्ने नीति लिईएको छ।
- हिउद तथा खडेरीमा पानीको अभावहुने क्षेत्रमा आकाशे पानीको संलन गर्ने योजनाहरु संचालन गरिनेछ।
- मुहान संरक्षणका कार्यक्रमहरु संचालन गरिनेछ।
- एक घर एक करेसावारी अभियान संचालन गरी घरमा खेर गईरहेको पानीको उचित व्यवस्थापन गरिनेछ।
- पूर्ण सरसफाईयुक्त नगर घोषणा र पूर्ण खानेपानी युक्त नगर घोषणाका लागी स्रोत व्यवस्थापनमा गरी कार्यान्वयन गरिनेछ।
- स्थानीय वजार, टोल तथा सडकहरुमा ढल निकासको उचित व्यवस्थापन गरिनेछ।
- नगरपालिका सवै टोलहरुमा सरसफाई समिति गठन गरी पूर्ण सरसफाई अभियानमा परिचालन गर्ने व्यवस्था मिलाईनेछ।
- पूर्ण सरसफाई वडा घोषणाका लागी गोठेमल व्यवस्थापन र घर घरमा कम्पोष्ट मल खाडल निर्माण गर्ने नीति लिएको छ।

**(८) पर्यटन, वन, वातावरण, जलवायु उर्जा तथा विपद् जोखिम न्यूनीकरण**

- पर्यटकीय स्थलको रुपमा विकास भएका गन्तव्यहरुको विकास र प्रचार प्रसारमा आवश्यक पहल गरिनेछ।
- पर्यटन पूर्वाधारको विकासका लागी वडीमालिका र नाटेश्वरी क्षेत्रको निर्माण कार्यलाई निरन्तरता दिईनेछ। यस क्षेत्रको थप भौतिक पूर्वाधार निर्माणमा निरन्तर पहल गरिने रणनीती लिईएको छ।
- नगरपालिका भित्रका संभावित पर्यटकीय क्षेत्रहरुको पूर्वाधार विकासमा विशेष पहल गरिनेछ।साथै किम्नीछडा-झरनालाई विशेष पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न पहल गरिनेछ।
- पर्यटकीय पूर्वाधारको विकास भएका स्थानहरुमा होमस्टे संचालनका लागी व्यवसायिहरुलाई लगानीको वातावरण तयार गरिनेछ।
- छतारा माईको मन्दिर देखी पञ्चपुरीको वाटोहुदै त्रिवेणी वडीमालिकासम्मको पर्यटकीय पथमार्गको लागी प्रदेश तथा संघ सरकारमा पहल गरिनेछ।
- नगरपालिका भित्र रहेका ऐतिहासिक, धार्मीक तथा पुरात्वातिक मठ मन्दिर हरुको संरक्षणका लागी व्यवस्थापन गरिनेछ।

- वडीमालिका संरक्षित क्षेत्रलाई लक्षित गरी उपयुक्त स्थानमा नेपाली सेना र सशस्त्र प्रहरीको गण स्थापनाका लागि संघिय सरकारका लागी विशेष पहल गरिनेछ।
- वडीमालिका- नाटेश्वरी क्षेत्रलाई संरक्षित क्षेत्र घोषणा गर्न संघिय सरकारमा पहल गरिनेछ।
- वडीमालिका भण्डारगृह व्यवस्थापन गरिनेछ।
- धार्मीक पर्यटकीय महोत्सव संचालन गर्न व्यवस्थापन गरिनेछ।
- कैलाशमाण्डौ स्थित कैलाश क्षेत्रको DPR तयारी कैलाश क्षेत्र विकास कार्यक्रम संचालन गर्न पहल गरिनेछ।
- खिन्नै सत्यदेवी, मष्टामाण्डौ, सोता, सैमाण्डौ, छतारादेवी, तोलीदेवल लगायतमा सम्पूर्ण धार्मीक मठ मन्दिरहरुको संरक्षण, सम्वर्द्धन र पुन: निर्माणमा जोड दिईनेछ।
- नगरभित्र रहेका मठ मन्दिरहरुको संरक्षण समिति गठन गर्ने नीति लिईएकोछ।
- महत्वपूर्ण पर्यटकिय क्षेत्रसम्म पुग्ने पथमार्ग निर्माणलाई जोड दिईनेछ।पर्यटकीय स्थलमा फोहोर मैला व्यवस्थापन र पार्किङ्गको व्यवस्थापन गरिनेछ।
- पर्यटकीय झरना ताल तलैया र पार्कहरुको सम्भाव्यता अध्ययन गरी पूर्वाधार निर्माण र व्यवस्थापनको कार्यमा पहल गरिनेछ।
- मौरे शिवालय धामको पुन:निर्माण गरी शिवरात्री मेला व्यवस्थापनमा विशेष जोड दिईएको छ।
- आन्तरिक आयआर्जन बृद्धिका लागी नगरपालिकाको मूल आधार पर्यटन क्षेत्र भएकोले बाह्रै महिना आन्तरिक तथा बाह्य पर्यटनको आवागमनलाई निरन्तरता दिनका लागी मौरे -नाटेश्वरी – वडीमालिका, छतारा- पञ्चपुरी- वडीमालिका कोरीडोरमा होमस्टेको व्यवस्थापन गर्न पहल गरिनेछ।
- नाटेश्वरी- वडीमालिकाको विचमा रहेको धौलपुरी दहको गुरुयोजना तयार गरी पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न विशेष पहल गरिनेछ।
- **“स्वच्छ वातावरण - हरियाली नगर”** अभियानलाई संचालन गर्न सडक किनारामा वृक्षा रोपणको कार्यक्रमलाई अगाडी वढाईनेछ।
- पहिरो रोकथाम र भूस्खलनलाई रोकथाम गर्न नदि किनारामा तटवन्धन र वृक्षा रोपण संचालन गरिनेछ।
- **“क्लिन एण्ड ग्रीन त्रिवेणी अभियान”** अन्तरगत हरित सडकपेटी, अम्रिसो, बाँस, निगालो रोपण अभियान सहित बृक्षारोपणका कार्यक्रम संचालन गरिनेछ।
- वन, जैवीक विविधता र वन्यजन्तु संरक्षका लागी नीतिगत व्यवस्थापन गरिनेछ।
- वडीमालिका, नाटेश्वरी, पञ्चपुरी क्षेत्रमा संरक्षित वहुमूल्य जडीवुटीहरुको संरक्षणको पहल गरिनेछ।
- सामुदायिक वन उपभोक्ता समितिहरुसंगको सहकार्यमा वन फडानीमा रोक लगाई संरक्षणका कार्यक्रमहरु संचालन गरिनेछ।
- नगरपालिका भित्र संचालित साना जलविद्युत आयोजनाहरुको दिगो व्यवस्थापन गर्न पहल गरिनेछ।
- हाल संचालनमा आउन नसकेका साना जलविद्युत आयोजनाहरुको निर्माण तथा मर्मत कार्यका लागी लगानीको वातावरण तयार गरी संचालनमा ल्याईनेछ।
- राष्ट्रिय प्रसारण लाईन जडानका लागी नेपाल विद्युत प्राधिकरणसंगको समन्वयमा अगाडी वढाईनेछ।
- वातावरण तथा जलवायु अनुकुलनका कार्यक्रम संचालन गर्ने नीति लिईएको छ।
- जलवायु सम्वन्धि दिर्घकालिन रणनीतिक योजनाको प्रभावकारी कार्यान्वन गर्न कार्यक्रमहरु संचालन गरिनेछ।

- स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनालाई आवश्यकता अनुसार अध्यावधिक गरी योजनामा सिफारिस भएका विपद् जोखिमका गतिविधिहरुलाई न्यूनीकरण गर्न नीतिगत रुमा वजेटको व्यवस्थापन गरिनेछ। विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना अध्यावधिक गरी तद्अनुसार कार्यक्रम संचालन गरिनेछ।
- जलवायु परिवर्तन अनुकूलन वनाउन नगरपालिकामा रहेका खाली जमीनहरुमा वृक्षा रोपणको कार्यक्रमहरु संचालन गरिनेछ।
- विपद् पूर्व तयारी प्रतिकार्य योजना अनुसार आपतकालिन अवस्थामा आवश्यक पर्ने खोज तथा उद्दार र राहत सामग्रीहरुको व्यवस्थापन गरी विपद् आईपर्दा तत्काल सम्वोधन गर्ने नीति लिईएको छ।
- स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तयार गरी लागू गरिनेछ।
- विपद् जोखिम न्यूनीकरण, विपद्को पूर्वतयारी, व्यवस्थापन र उद्धारका लागी संचालित विपद् व्यवस्थापन कोषलाई प्रभावकारी वनाईनेछ।
- जलश्रोत, वन, तथा सडकसम्वन्धी ऐन, नियमावली तयार गरि नीतिगत व्यवस्थापन गरिनेछ।

**(९) कला, संस्कृति र साहित्य**

- जात जाती मौलिका भेष भूषा, भाषा र संस्कृतिको संरक्षणका लागी आवश्यक कार्यक्रम संचालन गरिनेछ।
- परम्परागत मौलिक संस्कृतिको रुपमा रहेका भूवा, पुतला, अनन्ते होली हुडके पञ्चेवाजा, चैतेदशै आदि लाई समाजको सम्पत्तिको रुपमा जगेर्ना गर्नका लागी पहल गरिनेछ।
- कला साहित्यको संरक्षणका लागी प्रतिष्ठन वनाउन पहल गरिनेछ।
- स्थानीय स्तरमा कला र गला भएका व्यक्तिहरुको सम्मान कार्यक्रम संचालन गरिनेछ।
- ऐतिहासिक कला संस्कृति र साहित्यको माध्यामवाट नगर र नगरवासीको पहिचानमा कलम चलाउने साहित्यिक व्यक्तित्वहरुको लेख रचनाहरुको सम्मान तथा पुरस्कारको कार्यक्रम संचालन गर्ने नीति लिईएको छ।
- त्रिवेणी नगरपालिकाका वासिन्दाको धर्म संस्कृति, र जातीय पहिचाहन सहित वडीमालिका- त्रिवेणी पुस्तक प्रकाशन गर्नमा सहयोग गरिनेछ।
- सांस्कृतिक पहिचान सहितको श्रव्य दृश्य सामग्री निर्माण गर्न सहयोग गर्ने नीति लिएको छ।
- वुढीगंगा, मालागाड र काँसेगाड लगायतका नदि र खोलाहरुमा तटवन्धन तथा नदी नियन्त्रणको आयोजना संचालन गर्न पहल गरिनेछ।
- त्रिवेणी नगरपालिको क्षेत्रमा पर्ने वुढीगंगा नदिको पैमा-द्धारी पैरो लगायतका क्षेत्रमा परियोजना संचालन गर्न सम्वन्धित निकायमा पहल गरिनेछ।

**(१०) महिला, वालवालिका तथा सामाजिक सुरक्षा**

- पछाडी पारिएको क्षेत्र वर्ग र समुदायलाई राज्यको मूलप्रवाहिकरणमा ल्याउने लक्ष्य सहित समानुपातिक समावेशी विकासको अवधारणालाई केन्द्रमा राखेर विशेष कार्यक्रमहरु संचालन गरिनेछ।
- लैगिंक विभेदलाई अन्त्य गर्न सरकारको साधन र श्रोतमा महिला र वालवालिकाको पहुँच सुनिश्चित हुने गरी कार्यक्रमहरु संचालनमा जोड दिईनेछ।
- बालविवाह न्यूनीकरण, शून्य लैगिंक हिंसा तथा वालवालिकाको न्यायमा पहुँच सुनिश्चित गर्न शैक्षिक संस्थाहरुमा कार्यक्रमहरु संचालन गर्ने रणनीति लिईएकोछ।

- महिनावारी भएका महिलाहरुलाई सुरक्षित सेनिटरी प्याड सहितको Women Care Center को व्यवस्थापन प्रत्येक टोलमा व्यवस्थापन गरिनेछ। साथै छाउपडी प्रथा अन्त्यको नीति लिईएकोछ।
- वालवालिकाका लागी दण्डरहित समुदाय र विद्यालय कार्यक्रममा विशेष जोड दिई क्रियाकलापहरु संचालन गरिनेछ।
- विद्यालयमा हुने भेदभाव र छुवाछुत अन्त्य गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।
- वालवालिकालाई सम्मान जनक अवसर सृजना गर्ने उद्देश्यका साथ वालश्रमको न्यूनीकरण, वालवालिकालाई लागू पदार्थ, कुलत  र कुरितिवाट वचाउन विशेष कार्यक्रमहरु संचालन गरिनेछ।
- रोजगारी तथा आय आर्जनमा महिलाहरुलाई संलग्न गराउन विशेष आरक्षणका कार्यक्रमहरु संचालन गरिनेछ।
- लैगिंक उत्तरदायी वजेट व्यवस्थापन गरी महिला तथा वालवालिकालाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमहरु संचालन गर्ने रणनीति लिईएको छ।
- लामो समयदेखी सामाजिक उत्पीडनमा परेका दलित समुदायहरुका लागी रोजगार, सीप, सम्मानयुक्त जीवनयापन गर्ने वातावरण सृजना गर्दै पहुँच र प्रतिनिधत्व स्थापना गर्ने लक्ष्य लिइएकोछ।
- जेष्ठ नागरिकको सम्मान तथा विश्राम केन्द्र स्थापना गर्न पहल गरिनेछ।
- लैगिंक हिंसा, जातीय विभेदका विरुद्धका अभियानहरुलाई प्रभावकारी रुपमा अगाडी वढाईनेछ।
- **"महिलासंग उप-प्रमुख"** कार्यक्रमलाई सशक्त रुपमा वडा स्तरमा संचालन गरी लैङ्गिक हिंसामुक्त नगर घोषणाका लागी विभिन्न नीति तथा कार्यक्रमहरु तर्जुमा गरी लागू गरिनेछ।
- वालविवाह न्यूनिकरणका लागी **"ब्या बरु छाँटैहरी – म क्यान मरु?"** अभियान संचालन गरिनेछ।
- मदिरा, लागू औषध, सूर्तिजन्य पदार्थ प्रयोगका विरुद्ध युवा अभियान कार्यक्रम संचालन गरीनेछ।
- मदिरा नियन्त्रणका लागी थप कडाईका साथ कार्यान्वयन गर्न **"मदिरा नियन्त्रणमा हाम्रो पहल"** सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ।
- वडा स्तरिय आमा समूह, वाल समूहहरुलाई नेतृत्व एवं क्षमता विकासका कार्यक्रमहरु संचालन गरी सशक्तिकरण गरिनेछ।
- अपाङ्ग, असक्त, आमा वावु नभएका वालवालिकाहरुको संरक्षणका लागी विशेष व्यवस्था गरिने नीति लिईएको छ।
- दिर्घरोगीहरुका लागी उपचार सहायता कोषको व्यवस्था गरिनेछ।

**(११)        शासकीय व्यवस्थापन तथा सुशासन**

- नगरपालिका कार्यालयवाट प्रदान गरिने सेवालाई प्रविधिमैत्री वनाईनेछ।
- सामाजिक परिक्षण, नागरिक वडापत्र, सवै वडाहरुमा वडा स्तरिय र नगरमा नगरस्तरिय सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरि सेवालाई प्रभावकारी वनाईनेछ। योजनाहरुको प्रभावकारी कार्यान्वयनकारी अनुगमनलाई तिब्रता दिईनेछ।
- आर्थिक पारदर्शिता र जवाफदेहीताको नीतिलाई अवलम्वन गरिनेछ। जनप्रतिनिधि र कर्मचारीहरुलाई जवाफदेही वनाई सेवा प्रवाहलाई प्रभावकारी वनाईनेछ।
- व्यक्तिगत घटना दर्ता प्रणालीलाई थप व्यवस्थित गरिनेछ।

- **"जनताको शासन जनमैत्री प्रशासन"** कार्यक्रम अन्तरगत सेवाग्राही प्रति उत्तरदायि सेवा प्रवाहको वातावरण तयार गरिनेछ। साथै सुशासन तथा संस्थागत विकासका लागी ऐन निर्माण गरी लागू गरिनेछ।
- बित्तिय अनुशासनलाई कायम गर्न प्रभावकारी लेखा व्यवस्थापन गरिनेछ।
- भ्रष्टाचारलाई शून्य पार्न सेवा प्रदायक सवै कार्यालयका प्रत्येक गतिविधिको निगरानी सहित Digital report अनिवार्य गर्ने नीति लिईएको छ। E-Government शुरुवात गर्ने नीति लिईएकोछ।
- आन्तरिक राजश्व चुहावट हुनवाट रोक्न जनशक्ति व्यवस्थापन, तालिम तथा नीतिगत व्यवस्थापन गरी लागू गरिनेछ।
- नगरपालिका भित्र सवारी साधन करको नीति ल्याई लागू गरिनेछ।
- कर्मचारीको क्षमता अभिवृद्धिका लागी आवश्यक तालिम तथा कार्यक्रमको व्यवस्थापन गरिनेछ।
- आयोजना, योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागी नतिजा तालिका, कार्यान्वयन कार्ययोजना, आयोजना विवरण तालिका र जिम्मेवारी तालिका तयार गर्ने नीति लिईएको छ।

**(१२) सूचना तथा संचार**

- संचार सेवाको पहुँच वृद्धि गर्न नेपाल टेलिकम संग लेनलाईन 4 G सेवा विस्तारका लागी पहल गरिनेछ।
- नगरपालिकाको किम्नी, छतारा र पन्धारामा टेलिकम टावरको स्थापना गर्न पहल गरिनेछ।
- नगरपालिकालाई आधुनिक प्रविधियुक्त वनाउन नगर तथा वडा कार्यालयमा डिजिटल नोटीस बोर्ड स्थापना गर्न विशेष पहल गरिनेछ।
- नगरपालिकावाट प्रदान गरिने सेवाहरुले छिटो प्रभावकारी वनाउन आवश्यक सफ्टवेयर मार्फत कार्य संचालन गरि सेवा प्रवाह गरिनेछ।
- **"नगरवासिसंग नगर सरकार"** कार्यक्रम अन्तरगत रेडीयो कार्यक्रम संचालन गरिनेछ।
- नगरमा संचालित रेडीयोको क्षमता विस्तार तथा जनशक्ति व्यवस्थापनमा सहयोग गरिनेछ।
- स्थानीय तथा राष्ट्रिय संचार माध्याहरुसंग समन्वय गरी नगरपालिकाका विकासका गतिवधिहरुलाई प्रसारण गरिनेछ।
- नगरको विकासका विभिन्न गतिविधिहरुको सूचना सम्प्रेषण गरी सामुदायकि विकासमा सहयोग गर्ने संचारकर्मी र संचार माध्यामहरुलाई सम्मान गरिनेछ।
- ......................................................

**(१३) कानून तथा न्याय व्यवस्थापन**

- न्यायीक समितका कामलाई प्रभावकारी वनाउन, मुद्दा दर्ता, वहस तथा फैसलाको प्रक्रियालाई चुस्त दुरुस्त र प्रभावकारी वनाईनेछ।
- मेलमिलापकर्तालाई तालिम प्रदान गरी मेलमिलापलाई व्यवस्थित गराईनेछ।
- ..........................................................................

**(१४) विविध**

- बैक तथा वित्तिय क्षेत्रमा नगरवासीको पहुँच वृद्धि गर्न हरेक नगरवासीका बैक खाता संचालन गर्न अनिवार्य गरिनेछ।
- सवैवडाहरुमा पंञ्जिकरणका कामहरुलाई व्यवस्थित गर्न श्रोत र साधनको उचित व्यवस्थापन गरिनेछ।

- नगरपालिकामा स्थापीत स्मृति प्रतिष्ठान मार्फत सामाजिक सेवा तथा खेलकुद कार्यक्रमहरुलाई निरन्तरता दिईने नीति लिईएको छ।
- गैर सरकारी तथा दातृ निकायहरुको समन्वयमा नगरका विभिन्न विकास गतिविधिहरु संचालन गर्ने।
- शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७२ र राष्ट्रिय भवन संहिता तथा मापदण्ड को पालना गर्ने नीति लिईनेछ।
- नगरपालिकाको केन्द्र वि पी स्मृति पार्कको स्थापना गरिनेछ।
- नगरपालिकाको सिमाना नक्साङ्कन गर्ने कार्यलाई अगाडी वढाईनेछ।
- नगरपालिकाको कैलाशमाण्डौ डाँडा, र छताराको चाल्नेगडामा अस्थायी प्रहरी चौकी स्थापनाका लागी नेपाल सरकार गृह मन्त्रालयमा पहल गरिनेछ।
- नगरपालिका भित्रका सम्पूर्ण विकास आयोजनाहरुको नीती तथा कार्यक्रमहरु निर्माण गरि क्रमीक रुपमा संचालन गरिदै लगिनेछ।
- नगरपालिकामा रहेका साना ठूला सम्पूर्ण व्यवसायिहरुलाई दर्ता गराई करको दायरामा ल्याईनेछ।

**सम्मानित सभाका सदस्यज्यूहरु,**

अन्त्यमा, यस नगसभा अधिवेशनमा प्रभावकारी रुपमा प्रस्तुत नीति तथा कार्यक्रम निर्माण गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुर्याउनु हुने नगरसभाका सदस्यज्यूहरु, आमन्त्रित बिषय विशेषज्ञ, नगरपालिकाका कर्मचारी मित्रहरु, पत्रकार मित्रहरु, लगायत नगरवासी दाजुभाई तथा दिदीवहिनीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। त्रिवेणी नगरपालिकाको समुन्नत विकास प्रक्रियामा आजका दिनसम्म म र मेरो सिङ्गो जनप्रतिनिधिहरुको टीमलाई सहयोग उपलब्ध गराउने संघिय सरकार, सुदुपश्चिम प्रदेश सरकार संघ संस्थाहरु, सामुदायिक, सहकारी क्षेत्र नीजी क्षेत्र राष्ट्रिय तथा अन्तराष्ट्रिय साझेदार निकायहरुको सहकार्य अपरिहार्य हुनेछ। यस नगरपालिकाले विगतदेखी सहकार्यमा सवै विकास निर्माणका कार्यहरुको हातेमालो गर्दै आईरहेको स्मरण गराउदै यो नीति तथा कार्यक्रम को कार्यान्वियनमा सवै क्षेत्रको समान योगदान रहनेछ भन्ने विश्वासका साथ विकास निर्माणको यस महान अभियानमा सवै एकजुट हुन फेरी एकपटक हार्दिक अपील गर्दछु।साथै यस्तै खालको सहयोग सदैव जारी रहनेछ भन्ने विषयमा आत्म विश्वास गर्दै पुन: त्रिवेणी नगरपालिकाको तर्फवाट हार्दिक आभार व्यक्त गर्दै आगामी दिनहरुमा पनि सहयोग निरन्तर रुपमा प्राप्त भई समृद्ध नगर निर्माणको अभियानमा सहयात्री वन्नु हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु।

**श्री वडिमालिका माताले सवैको रक्षा गरुन! धन्यवाद !**

कर्ण वहादुर थापा
नगरप्रमुख